परिशिष्ट ९ [पवित्र आत्मा]

दु:ख-कष्टको माझमा पवित्र आत्माले इसाईहरूलाई सम्हाल्नुहुन्छ

रोमी ८:२६-२७ ले इसाईमा परमेश्वरको कामलाई व्याख्या गर्दछ।

अनुवाद - रोमी ८:२६ - त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ (हाम्रो साथमा हुनुभएर)। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा (शब्दहरूमा अभिव्यक्त गरिने होइन, शब्दहरूभन्दा अति गहिरोरूपमा) पवित्र आत्माले हाम्रा निम्ति (निरन्तर) मध्यस्थता गर्नुहुन्छ। ८:२७ - र (निरन्तर) मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति (निरन्तर) मध्यस्थता गर्नुहुन्छ।

'त्यस्तै गरी' भनेको इसाईले वर्तमान दु:ख-कष्टको निम्ति भविष्यमा परमेश्वरले सम्हाल्नुहुनेछ भन्ने महिमित आशा राखेको हुन्छ, त्यसरी नै उसको वर्तमान कमजोरीहरूमा पवित्र आत्माले सहायता गर्नुहुन्छ।

ती कमजोरीहरू कुनै किसिमका हुन सक्छन्; जस्तै: भ्रष्ट संसारको सामान्य दु:ख-कष्टहरू अथवा ख्रीष्टको खातिर भोगिने विशेष दु:ख-कष्टहरू। ती परीक्षाहरू हुन सक्छन् (हिब्रू ४:१२) अथवा शारीरिक काँडाहरू हुन सक्छन् (२ कोरिन्थी १२:५)। यसले निश्चितरूपमा प्रार्थनाको मामिलामा तिनीहरूका कमजोरीलाई प्रतिवन्धित पारेको हुँदैन!

पवित्र आत्माको निरन्तर सहायताले गर्दा वर्तमान कमजोरीहरू र दु:ख-कष्टहरूको माझमा पनि इसाई सम्हालिरहेको हुन्छ। इसाईहरूले भोगिरहेको दु:खहरूको बोझमा निरन्तर सहायता गरेर आत्माले नम्रतापूर्वक प्रतिनिधित्व गरेको हुन्छ।

इसाईको पक्षबाट सधैँ नैतिक र आत्मिक असफलता हुने गर्छ (रोमी ७ अध्यायसँग तुलना गर्नुहोस्), तसर्थ, ऊ जस्तो हुनुपर्ने हो, जस्तो गर्नुपर्ने हो र जसरी प्रार्थना गर्नुपर्ने हो, त्यसमा चुक्ने गर्दछ। इसाईले सधैँ के कुराको निम्ति प्रार्थना गर्नुपर्ने हो, सो जान्दैन, जसको मतलब विशेष अथवा निश्चित अवस्थामा कुन प्रार्थना सुहाउँदो छ भनी उसले जान्दैन। यद्यपि साधारणरूपमा कसरी प्रार्थना गर्ने भनी उसले जाने तापनि (मत्ती ६:९-१३; कलस्सी १:९-१२), कहिलेकाहिँ विशेष खाँचो, कठिनाइ अथवा अवस्थामा कसरी प्रार्थना गर्ने भनी उसले जान्दैन। आफूले गरेको प्रार्थना परमेश्वरको इच्छासँग मिलेको छ कि छैन भन्ने कुरामा ऊ ढुक्क हुन सक्दैन (२ कोरिन्थी १२:७-१०; फिलिप्पी १:२२-२४; १ यूहन्ना ५:१४)। कहिलेकाहिँ इसाईले आफ्नो हृदयको गहिराइमा लुकेको खाँचोलाई पनि थाहा गर्न सक्दैन। त्यसैकारणले गर्दा त्यस्ता खाँचोहरूलाई उसले आफ्नो प्रार्थनामा व्यक्त गर्दैन अथवा ती कुराहरूलाई आफ्नो प्रार्थनामा व्यक्त गर्न सक्दैन।

प्रार्थना (पिता) परमेश्वरप्रति केन्द्रित भएको हुन्छ (मत्ती ६:९)। परमेश्वरले हृदय खोजी गर्नुहुन्छ (यर्मिया १७:१०; प्रकाश २:२३ सँग तुलना गर्नुहोस्)। पवित्र आत्मा इसाईको हृदयमा वास गर्नुहुन्छ (१ कोरिन्थी ३:१६) र उहाँले उसको वास्तविक खाँचोहरू जान्नुहुन्छ। त्यसकारण, परमेश्वरले सधैँ पवित्र आत्माको मन जान्नहुन्छ। पवित्र आत्मा परमेश्वरको आत्मा हो र उहाँले सधैँ हाम्रो सही खाँचोहरूको निम्ति परमेश्वरको सिद्ध इच्छाअनुसार प्रार्थना गर्नुहुन्छ।

इसाईले आफ्नो खाँचोहरू शब्दहरूमा व्यक्त गर्न सक्दैन किनभने त्यो कसरी गर्ने भनेर उसले जान्दैन र उसले आफ्ना खाँचोहरूलाई स्पष्टसँग व्यक्त गर्न सक्दैन।

इसाईले आफ्नो खाँचोहरू शब्दहरूमा व्यक्त गर्दैन किनभने उसँग ती खाँचोहरू छन् भनेर पनि उसले जान्दैन! पवित्र आत्माले साँचो अधिवक्ताको रूपमा इसाईको वास्तविक खाँचोहरूलाई पहिचान गर्नुहुन्छ र ती खाँचोहरू पूरा होऊन् भनेर परमेश्वरसँग अन्तरविन्ती गरिदिनुहुन्छ!

यस विषयमा पाँच वटा महत्वपूर्ण अवलोकनहरू छन्:

पहिलो अवलोकन : अन्तरविन्ती गर्नुहुने पवित्र आत्मा हुनुहुन्छ र त्यस्तो प्रार्थना गर्ने इसाईहरू होइनन्

केही इसाईहरूले यो खण्डलाई इसाईहरूले परमेश्वरसँग कसरी प्रार्थना गर्छन् भन्ने कुराको रूपमा व्याख्या गर्छन्। ती नीहरू भन्छन् कि पवित्र आत्माले इसाईहरूलाई पीडादायी आवाजका साथ व्यक्त गर्न नसकिने शब्दहरूमा इच्छा, आकांक्षा र भावनाहरूद्धारा प्रार्थना गर्न सक्ने बनाउनुहुन्छ जुन शब्दमा व्यक्त गर्न सकिँदैन, जुन सुनिएका छन् तर बुझिएका छैनन्। ती नीहरू दाबी गर्छन् कि पवित्र आत्माले ती नीहरूलाई प्रार्थनामा के भन्नुपर्ने हो र ती नीहरूले ती नीहरूका विषयलाई कसरी प्रस्तुत गर्नुपर्छ भन्ने कुराको आदेश दिनुहुन्छ। ती बुझ्न सकिने शब्दहरू वा नसकिने आवाजहरू हुन सक्छन्। यसरी व्याख्याले सजिलै रूपमा इसाईहरूका व्यक्त गरिएका पीडादायी आवाजहरू वा हल्लाहरू निश्चय रूपमा उनीहरूद्धारा पवित्र आत्माले गरिरहनु भएको प्रार्थना हो। यसले इसाईहरूलाई यो पनि सोच्न बाध्य गराउँछ, कि प्रार्थनाको उच्चतम स्वरूप, जुन परमेश्वरले स्वीकार्नु हुन्छ, त्योचाहिँ बुझ्न नसकिने शब्दहरूमा प्रार्थना गर्नु हो। अरू इसाईहरूले यसलाई यस्तो किसिमको प्रार्थनालाई 'अन्य भाषामा बोल्नु' (१ कोरिन्थी १४:१४-१७) भनेर बुझ्दछन् , जसलाई प्रसङ्गवश आत्माको प्रार्थना होइन तर मानिसहरूको प्रार्थना भनिन्छ!

साँचो बुझाई चाहिँ यो हो, कि पवित्र आत्मा आफै हुनुहुन्छ, जसले अन्तरविन्ती गर्नुहुन्छ। जोड दिइएको कुरा यो होइन, कि इसाईहरूले कसरी परमेश्वरसँग प्रार्थना गर्दछन् तर पवित्र आत्माले कसरी इसाईहरूको लागि परमेश्वरसँग अन्तरबिन्ती गर्नु हुन्छ भन्ने हो। यो मानिस होइन, जसले प्रार्थना गर्छ; यो त आत्मा हो, जसले अन्तरविन्ती गर्नु हुन्छ। यो मानिसको प्रार्थनाको अभिप्राय होइन, तर परमेश्वरद्धारा थाहा पाइएको आत्माको प्रार्थनाको अभिप्राय हो। मानिसले प्रार्थनामा बोलेका दु:खदायी आवाजहरूलाई होइन, तर पवित्र आत्माले प्रार्थना गरेका दु:खदायी प्रार्थनालाई परमेश्वर पिताले सुन्नुहुन्छ (८:२७)।

दोस्रो अवलोकन : आत्माको अन्तरविन्ती (रोमी ८:२७) ख्रीष्टको अन्तरविन्तीजस्तै हुन्छ (रोमी ८:३४)

यूहन्नाको सुसमाचारको पुस्तकमा, आत्माले येशूको वकालत गर्नुहुन्छ अनि येशू खीष्ट, उहाँको विचारहरू र इच्छालाई इसाईहरूको माझ पृथ्वीमा प्रस्तुत गर्नुहुन्छ (यहून्ना १४:१६–१७, २६; १६;१४; रोमी ८:९–१० सँग तुलना गर्नुहोस्)। तैपनि, रोमीको पुस्तकमा आत्माले इसाईहरूको वकालत गर्नुको साथै इसाई र उनीहरूको आवश्यकताहरूलाई स्वर्गमा हुनु हुने परमेश्वर समक्ष प्रस्तुत गर्नुहुन्छ (८:३४; हिब्रू ७:२५; १यूहन्ना २:१–२) पवित्र आत्मा पृथ्वीमा भएका इसाईहरूसँग अति नजिक उभिनुहुन्छ र उनीहरूको आवश्यकताहरूलाई स्वर्गमा हुनुहुने परमेश्वर पिता समक्ष व्यक्त गर्नहुन्छ। यसरी, इसाईहरूको अन्तरविन्ती गरिदिनेको रूपमा ख्रीष्ट स्वर्गीय स्थानमा उहाँको आफ्नै हृदयको रङ्गमञ्चको अन्तरविन्ती गर्नेको रूपमा हुनुहुन्छ। ख्रीष्टको अन्तरविन्ती सबै परिवारका सदस्यहरूको निम्ति पिताले गरिदिने प्रार्थनाजस्तै हो। जब आत्माको बाटोहरू एकआपसमा काटिने ठाउ (चोक) चाहिँ आमाले बालबच्चाको आवश्यकताहरूको निम्ति स्वर्गीय पिता समक्ष प्रस्तुत गरे जस्तै हो।

तेस्रो अवलोकन : आत्माको दु:खदायी पीडाका आवाजहरू बुझ्न सकिने शब्दहरूमा व्यक्त गरिएका भनाईहरू होइनन्।

आत्माको काटिएको विन्दुमा अवश्य पनि विषयवस्तु छ , तर व्यक्त गरिएको र सुनिएको छ वा व्यक्त नगरीएको वा सुनिएकै छैन।

ग्रीकको मूल कृती मा रहेको अक्षर (जी : एलालीटोस्, 'लालीयो' को अर्थ 'बोल्नु' भन्ने हुन्छ) र बाइबलको सिरियन र अमेरीकन अनुवादअनुसार "आत्मा आफैले हाम्रो लागि नबोलिएका पीडादायिक आवाजहरूमा, दुखद आवाजहरू जुन बुझ्न सकिने शब्दहरूमा व्यक्त गरिएका वा सुनिएका छैनन्, तर जे भएता पनि त्यसलाई बुझ्न नसकिने आवाजहरू र शब्दहरूमा ब्यक्त गरिन्छ वा सुनिन्छ।

बाइबलको ल्याटिन अनुवादले भन्दछ : "आत्माले हाम्रो लागि बोल्न नसकिने दुखदायी आवाजहरूमा (अमौखिक, ब्यक्त गर्न नसकिने , आवाजहीन) मध्यस्थ गर्नुहुन्छ : दुखदायी आवाजहरू जुन कुनैरूपले ब्यक्त गर्न सकिने वा सुन्न सकिने हुदैनन्।

चौथौ अवलोकन : आत्माले इसाईहरूले नबोलेको अथवा बोल्न नसकेको दुखदायी अवाजहरू वा सुस्केराहरूलाई परमेश्वरको सिंहासन सम्म पुऱ्याउँछ।

आत्माका दुखदायी आवाजहरू इसाईहरूको हृदयमा मात्र लेखीएको रूपमा बुझ्न सकिन्छ, किनभने यो त्यहाँ इसाईहरूमा हुन्छ जहाँ उहाँले ती ब्यक्त नगरिएका (शब्दहरूमा ब्यक्त नगरिएका) वा ब्यक्त गर्न नसकिने (आवाजहीन) दुखदायी पीडाहरू वा सुस्केराहरू पत्ता लाउनुहुन्छ र खोज्नुहुन्छ। पीडादायी वा ब्यक्त गर्न नसकिने आत्माको अन्तरवीन्तीले इसाईहरूलाई उहाँको प्रार्थना गर्ने साधन बनाउँछ। त्यसकारण, दु:ख-पीडाहरू कि त सुन्न सकिने आवाजमा वा कि त सुन्न नसकिने सुस्केराहरूको रूपमा ब्यक्त गरिन्छ।

जे भए तापनि इसाई आफ्नै प्रार्थनामा पवित्र आत्मासँग सुनिने आवाजमा वा नसुनिने सुस्केराहरूमा दोधारमा परी अलमलिने होइन तर होशियार हुनुपर्छ। तापनि इसाईहरू सतर्क छन् कि आत्माले उसको हृदयमा ती ब्यक्त गरिएका वा ब्यक्त गर्न नसकिने पीडाहरू परमेश्वरसँग मध्यस्थ गर्नुहुन्छ; उसले यो दाबी गर्न सक्दैन कि जब उसले उसको प्रार्थना बुझ्न नसकिने शब्दहरूमा वा आवाजहरूमा वा अरू हल्लाहहरूमा ब्यक्त गर्छ , त्यो आत्माको अन्तरबिन्तीहरू हुन्! इसाईहरूले यो बिर्सनु हुदैन, कि परमेश्वरले हृदयको कारण र उद्देश्य जान्न चाहानुहुन्छ (८:२७क ; हिब्रू ४:१२–१३)! रोमी ८:२६–२७ ले पवित्र आत्माले कसरी परमेश्वरसँग मध्यस्थ गर्नुहुन्छ भनी बताउँछ र इसाईहरूले परमेश्वरसँग कसरी प्रार्थना गर्नुपर्छ भन्नेबारे होइन।

पाँचौ अवलोकन : परमेश्वर जान्नु हुन्छ, कि आत्माको अन्तरविन्ती उहाँको सिद्ध इच्छाअनुसार हो

परमेश्वरले लगाताररूपमा इसाईहरूको हृदय खोज्नुहुन्छ। उहाँले यसमा भएका सबै कुराहरू जान्नुहुन्छ। (१ शामूएल १६:७; १ इतीहास २८:९; यर्मीया १७:९–१०; १ कोरन्थी ४:५; हिब्रू ४:१३) र उहाँले इसाईहरूको अन्तरविन्तीको लागि आत्माको विषयवस्तु, अर्थ र उद्देश्य जान्नुहुन्छ। रोमी ८:२६–२७ ले पवित्र आत्माले इसाईहरूको लागि केको बारेमा अन्तरबिन्ती गर्नुहुन्छ र इसाईहरूले परमेश्वरमा गरेको कस्तो प्रार्थनाको बारेमा गर्नुहुन्न भनी भन्दछ! इसाईहरूले यो दाबी गर्न सक्दैनन् कि उसको विचारमा उसले जे प्रार्थना गरिरहेको छ, त्यो बुझ्न नसकिने शब्दहरू वा कराएका आवाजहरू वा अरू हल्लाहहरूमा आत्माले उसको लागि अन्तरबिन्ती गर्नु हुन्छ! आत्माको अन्तरविन्तीका विषयवस्तुहरू इसाईमाझ प्रकट भएका छैनन्!

किनभने पवित्र आत्मा परमेश्वरको आत्मा हुनुहुन्छ र दुरुस्तै परमेश्वरले जस्तै विचार गर्नुहुन्छ, आत्माको अन्तरविन्ती सिद्ध छ र त्यो सधैँ प्रभावकारी हुन्छ! यो कहिले पनि असफल हुदैन! त्यसैकारणले गर्दा एकजा पनि इसाई कहिले पनि हराउँदैन (८:२९–३०)। त्यही कारणले गर्दा पनि इसाईहरूलाई केही हुँदैन, जसमा परमेश्वरको अनुमति हुदैन, जसले बास्तविकरूपमा उसको जीवनमा परमेश्वरको सिद्ध योजना प्राप्त हुदैन (८:२८)! इसाईको हृदयको दुखदायी आवाजहरू र सुस्केराहरूले यो तथ्यमा जोड दिन्छ, कि “परमेश्वरले नाप्नै नसकिने गरी हामीले मागेभन्दा वा कल्पना गरेभन्दा” बढी गर्नुहुन्छ (एफिसी ३:२०)।